# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, श्रावण १८ गते, २०७७ साल (अतिरिक्ताङ्क १४

## भाग १

### प्रदेश सरकार

## प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको ऐन नं. ३

### प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावना</u>ः प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्न, अपराधको अनुसन्धान, रोकथाम तथा नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश प्रहरी ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अख्तियारवाला"** भन्नाले दफा १६ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले अख्तियार प्राप्त अधिकारी समेतलाई जनाउँछ।

(ख) **"अमर प्रहरी"** भन्नाले आतङ्ककारी घटना वा विष्फोटन वा सशस्त्र मुठभेडबाट भएको आक्रमण वा त्यस्ता कार्य विरुद्धको प्रहरी कारवाहीमा वा अन्य विशेष अवस्था परी जोखिमपूर्ण र चुनौतिपूर्ण काममा खटिएको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा कुनै प्रकारको हतियारको चोटबाट वीरगति प्राप्त गर्ने प्रहरी सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले दफा ४८ बमोजिमको प्रदेश प्रहरी कल्याण कोष सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रहरी अधिकृत"** भन्नाले प्रहरी निरीक्षक वा सो भन्दा माथिको प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(च) **"प्रचलित कानून"** भन्नाले प्रचलित संघीय तथा प्रदेश कानूनलाई सम्झनु पर्छ।

(छ) **"प्रहरी कर्मचारी"** भन्नाले प्रदेश प्रहरी सेवामा कार्यरत जुनसुकै तह वा श्रेणीका प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(ज) **"प्रदेश प्रहरी"** भन्नाले यस ऐन अन्तर्गत नियुक्त भएका वा संघीय प्रहरी ऐन बमोजिम नियुक्ति भई प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(झ) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ञ) **"प्रदेश प्रहरी प्रमुख"** भन्नाले नेपाल सरकारबाट प्रदेश प्रहरी प्रमुखमा खटाइएको नेपाल प्रहरीको राजपत्राङ्कित प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(ट) **"प्रदेश प्रहरी सेवा"** भन्नाले दफा ८ बमोजिमको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ड) **"मुख्य न्यायाधिवक्ता"** भन्नाले नेपालको संविधानको धारा १६० को उपधारा (२) वमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ढ) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद -२

## प्रदेश प्रहरीको गठन, रेखदेख, सञ्चालन तथा नियन्त्रण

३. प्रहरी सेवाको गठनः (१) प्रदेशमा मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रहरी सङ्गठनमा पहिलो पटकको हकमा प्रहरी समायोजन सम्बन्धी संघीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी समायोजन भई वा खटिई आएका प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरीको गठन हुनेछ।

(३) प्रदेश प्रहरी सङ्गठन समानुपातिक समावेशी स्वरुपको हुनेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश प्रहरीको गठन भए पश्चात् आवश्यकता अनुसार सँगठनात्मक संरचना र प्रहरी कर्मचारीको दरबन्दी दफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिः</u>** (१) प्रहरीको सङ्गठन संरचना, प्रहरी कर्मचारीको दरवन्दी निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको एक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय- सदस्य

(ग) अधिकृतस्तर (नवौं/दशौं) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(घ) अधिकृतस्तर (नवौं/दशौं) प्रतिनिधि, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक, प्रदेश प्रहरी कार्यालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सङ्गठनात्मक संरचना र प्रहरीको दरवन्दी निर्धारण देहाय बमोजिमको आधारमा गर्नेछः

(क) कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवश्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरणको अवस्था, बसाईसराई तथा जनघनत्व,

(घ) अपराधको प्रकृति, अवस्था र शान्ति सुरक्षाको स्थिति,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने भए त्यस्तो अवस्था,

(च) पूर्वाधार तथा संरचना निर्माण र राजमार्गको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य।

५. <u>प्रहरीको परिचालन, निर्देशन, सुपरीवेक्षण र नियन्त्रण:</u> (१) प्रहरीको परिचालन, निर्देशन, सुपरीवेक्षण र नियन्त्रण प्रदेश सरकारले मन्त्रालय मार्फत गर्नेछ।

(२) प्रहरी कर्मचारी प्रदेश सरकारप्रति उत्तरदायी र जवाफदेही हुनेछ।

(३) प्रहरी कर्मचारीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको नियन्त्रण, रोकथाम र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरीवेक्षणमा कार्य सम्पादन गर्नु पर्नेछ।

(५) प्रमुख जिल्ला अधिकारीले जिल्लामा शान्ति सुरक्षा कायम गर्न जिल्लाको प्रदेश प्रहरीलाई परिचालन गर्न सक्नेछ।

तर त्यसरी प्रहरी परिचालन गर्दा मन्त्रालयको निर्देशन बमोजिम गर्नु पर्नेछ।

(६) जिल्ला भित्र हुल, भीड, दङ्गा वा अन्य असहज परिस्थिति नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारी वा निजले सम्बन्धित स्थानका लागि तोकेको प्रतिनिधिको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्नेछ।

(७) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष निर्देशनमा रही कार्य गर्नु पर्नेछ।

(८) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरीले आफूभन्दा माथिल्लो दर्जाको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(९) यस ऐन,नियम र प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सिलसिलामा माथिल्लो दर्जाको कर्मचारी वा प्रहरी कार्यालयले आफ्नो मातहतका प्रहरी कर्मचारी वा कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय र त्यस्तो कार्यालयमा कार्यरत प्रहरी कर्मचारीको कर्तब्य हुनेछ।

(१०) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

६. **जिल्ला प्रहरी प्रमुखः** जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी प्रदेश सरकारले तोकेको दरवन्दी अनुसार प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षकले गर्नेछ।

७. **महानगरीय प्रहरी गठनः** प्रदेश सरकारले आवश्यकता अनुसार भौगोलिक क्षेत्र तोकी महानगरीय वा उपमहानगरीय क्षेत्रमा प्रहरी आयुक्त समेत रहने गरी महानगरीय प्रहरी गठन गर्न सक्नेछ र त्यस्तो महानगरीय प्रहरीको दरबन्दी काम, कर्तव्य, अधिकार र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

८. **प्रहरीको सेवा, समूहसम्बन्धी व्यवस्थाः** (१) प्रदेश प्रहरी सेवामा विशिष्टीकृत कार्य प्रकृतिको आधारमा जनपद प्रहरी र प्राविधिक प्रहरी समूह गरी दुई अलग अलग समूह रहनेछ।

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका विभिन्न उपसमूह रहनेछ।

९. **प्रहरी सेवामा रहने श्रेणी र पदः** (१) प्रहरी सेवामा देहाय बमोजिमका श्रेणी र पद रहनेछनः-

(क) राजपत्रांकित श्रेणी

(१) प्रथम श्रेणीः प्रहरी नायव महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षक

(२) द्वितीय श्रेणीः प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक

(३) तृतीय श्रेणीः प्रहरी निरीक्षक

(ख) राजपत्र अनंकित श्रेणी

(१) प्रथम श्रेणीः प्रहरी बरिष्ठ नायव निरीक्षक र प्रहरी नायव निरीक्षक

(२) द्वितीय श्रेणीः प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणीः प्रहरी हवल्दार र प्रहरी बरिष्ठ हवल्दार

(४) चतुर्थ श्रेणीः प्रहरी जवान

(ग) श्रेणी विहिनःप्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहिन(प्रहरी कार्यालय सहयोगी) पदमा देहाय बमोजिमको स्तर रहनेछः-

(क) प्रथम स्तर,

(ख) द्वितीय स्तर,

(ग) तृतीय स्तर,

(घ) चतुर्थ स्तर र

(ङ) पाँचौ स्तर।

(३) श्रेणीविहिन पदको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खण्ड (ख) को (१) बमोजिमको प्रहरी बरिष्ठ नायब निरीक्षक र खण्ड (ख) को (३) बमोजिमको प्रहरी वरिष्ठ हवल्दारले नेपाल सरकारले तोकेको दर्ज्यानी चिन्हको अतिरिक्त प्रदेश सरकारले तोकेको छुट्टै चिन्ह समेत प्रयोग गर्नेछ।

१०. <u>प्रहरीले प्रयोग गर्ने चिन्हः</u> प्रत्येक प्रहरी कर्मचारीले आफ्नो पोशाकमा दर्ज्यानी चिन्हका अतिरिक्त प्रदेश सरकारले तोके बमोजिमको प्रदेशको पहिचान झल्कने चिन्ह वा लोगो प्रयोग गर्नेछ।

११. <u>प्रदेश प्रहरी प्रमुखः</u> (१) नेपाल सरकारले तोकेको रापत्राङ्कित प्रथम श्रेणीको प्रहरी अधिकृत प्रदेश प्रहरी प्रमुख रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी प्रमुखले प्रदेश सरकार प्रति उत्तरदायी रही आफ्नो कार्य सम्पादन गर्नेछ र त्यसरी कार्य सम्पादन गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

## परिच्छेद -३

## प्रहरी सेवामा पदपूर्ति

१२. **पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने विभिन्न पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा लिईने लिखित परीक्षा प्रदेश लोकसेवा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रहरी सेवामा पदपूर्ति गर्दा यस ऐन बमोजिम बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(४) प्रहरी सेवाको देहायका पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः

(क) प्रहरी कार्यालय सहयोगी र प्रहरी जवान पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा,

(ख) प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार पदमा शत प्रतिशत बढुवाद्वारा,

(ग) प्रहरी सहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिता र साठी प्रतिशत बढुवाद्वारा,

(घ) प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा शत प्रतिशत बढुवाद्वारा,

(ङ) प्रहरी निरीक्षक पदमा साठी प्रतिशत खुल्ला प्रतियोगिता र चालीस प्रतिशत बढुवाद्वारा,

(च) प्रहरी नायब उपरीक्षक र सो भन्दा माथिल्लो तहको पदमा शत प्रतिशत बढुवाद्वारा।

तर प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायब निरीक्षक पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) को खण्ड (ग) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूह तर्फ प्रहरी हवल्दार वा प्रहरी नायव निरीक्षक पदमा बढुवा द्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा खुल्ला प्रतियोगिताद्वारा शत प्रतिशतसम्म पदपूर्ति गर्न सकिनेछ।

(६) उपदफा (४) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहको स्वास्थ्य तर्फको प्रहरी नायव उपरीक्षकको दरवन्दीमा विशेष शैक्षिक योग्यता तोकिएको र बढुवाद्वारा त्यस्तो पदपूर्ति हुन सक्ने अवस्था नभएमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(७) प्रहरी सेवामा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्टयाई त्यस्तो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टा छुट्टै प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिनेछः-

(क) समानुपातिक समावेशी महिला तर्फ बीस प्रतिशत,

(ख) आदिवासी/जनजातितर्फ बत्तीस प्रतिशत,

(ग) मधेशी तर्फ अठ्ठाईस प्रतिशत,

(घ) दलित तर्फ पन्ध्र प्रतिशत,

(ङ) पिछडिएको क्षेत्र तर्फ पाँच प्रतिशत।

<u>स्पष्टिकरणः</u> खण्ड (क) देखि (ङ) सम्मका क्षेत्र प्रचलित कानूनका आधारमा तोकिए वमोजिम हुनेछ।

(८) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भएता पनि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने रिक्त पदमध्ये यस ऐन बमोजिमको योग्यता र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको अमर प्रहरी वा चुनौतिपूर्ण जिम्मेवारी निर्वाह गर्ने क्रममा अशक्त भएको प्रहरीको परिवारको सदस्य वा पूर्व प्रहरी परिवारको सदस्य मध्येबाट तीन प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

<u>स्पष्टीकरणः</u> परिवारको सदस्य भन्नाले प्रहरीको पति, पत्नी, छोरा, छोरी वा धर्मपुत्र वा धर्मपुत्रीलाई सम्झनु पर्छ।

(९) कुनै पनि प्रहरी कर्मचारीले समानुपातिक समावेशिताको आधारमा एक पटक प्राप्त गरेको सुबिधा अर्को पटक पाउने छैन।

(१०) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि प्रहरी सेवाको पदमा पदपूर्ती गर्दा समानुपातिक समावेशिताको आधारमा क्रमशः नतिजा प्रकाशन गरिने छ र समानुपातिक समावेशिताको आधारमा माग गरिए बमोजिमको आवेदन नपरेमा वा आवेदन दिएका उम्मेद्वार

प्रतियोगितामा उत्तीर्ण हुन नसकेमा त्यस्तो समानुपातिक समावेशी तर्फको सङ्ख्या समेत खुल्ला तर्फ थप गरी नतिजा प्रकाशन गरिनेछ।

(११) उपदफा (७) वमोजिमको अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

१३. **पदपूर्ति समितिको गठनः**(१) प्रदेश प्रहरी सेवाको कुनै पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि दफा १६ बमोजिमको अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिम पदपूर्ति समिति गठन गरिने छः-

(क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -अध्यक्ष

(ख) सचिव ,आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख,प्रदेश प्रहरी कार्यालय - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी निरीक्षक भन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोकसेवा आयोग, मन्त्रालय र प्रदेश प्रहरी कार्यालयको प्रतिनिधी समेत रहने गरी पदपूर्ति समितिले आवश्यक्ता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी उपदफा (१) बमोजिमको समितिले आफुमा रहेको अधिकार त्यस्तो उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको पदपूर्ति समिति वा उपदफा (२) बमोजिमको पदपूर्ति उपसमितिले उम्मेदवार छनौटका लागि आवश्यक्ता अनुसार सम्बन्धित बिषयको बिज्ञलाई बैठकमा आमन्त्रण गर्न वा त्यस्तो विज्ञबाट आवश्यक सहयोग लिन सक्नेछ ।

(४) पदपूर्ति समितिको सचिवालय समितिले तोकेको स्थानमा रहनेछ।

१४. **<u>पदपूर्ति समितिको काम, कर्तब्य र अधिकारः</u>** (१) दफा १३ बमोजिमको पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा १२ बमोजिम पदपूर्तिका लागि प्रतिशत तथा सङ्ख्या निर्धारण गर्ने,

(ख) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति तालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिको लागि बिज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिको लागि सिफारिस सम्बन्धी आवश्यक कार्य गर्ने र

(ज) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवा गर्दाअपनाउनु पर्ने सामान्य सिद्धान्त बमोजिम पदपूर्ति समितिले गर्ने भनी तोकिएको पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यक्ता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(३) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>योग्यता सम्बन्धी व्यवस्थाः</u>** प्रहरी सेवाको विभिन्न पदमा नियुक्तिको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहर हुने गरी बर्खास्त नभएको,

(घ) राजनैतिक दलको सदस्य नभएको,

(ङ) शैक्षिक योग्यता लगायत अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

१६. **नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) प्रहरी सेवाको रिक्त पदमा नियुक्तिका लागि सिफारिस भएका देहायका पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक पदमा -प्रदेश सरकार,

(ख) प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदमा - मन्त्री ,मन्त्रालय,

(ग) प्रहरी निरीक्षक पदमा - सचिव, मन्त्रालय,

(घ) राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको पदमा - प्रदेश प्रहरी प्रमुख,

(ङ) राजपत्र अनंकित तृतीय र चतुर्थ श्रेणीको पदमा -प्रहरी उपरीक्षक र

(च) श्रेणी बीहिन पदमा -प्रहरी नायब उपरीक्षक।

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारिसको योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले तीस दिन भित्र नियुक्ति दिई सक्नुपर्नेछ।

(३) प्रहरी सेवामा पहिलो पटक नियुक्ति हुने प्रहरी कर्मचारीले आधारभूत तालिम समाप्त भए पश्चात तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

१७. **परीक्षणकाल सम्बन्धी व्यवस्थाः** (१) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने प्रहरी कर्मचारीको परीक्षणकाल नियुक्ति मितिले एक वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकाल पूरा गर्ने प्रहरी कर्मचारीको नियुक्ति स्वतः सदर भएको मानिनेछ।

१८. **नियुक्ति बदर हुने अवस्थाः** (१) देहायको अवस्थामा नियुक्ति दिने अधिकारीले प्रहरीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ग) प्रदेश प्रहरीमा यस ऐन वा नियम बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति जुनसुकै समयमा बदर गरी निजले त्यस्तो सेवा वापत प्राप्त गरेको पारिश्रमिक, निजलाई तालिम दिँदा लागेको खर्च समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा नियुक्ति बदर गर्नु परेमा नियुक्ति बदर गर्नु पूर्व निजलाई सफाईको मौका दिनु पर्नेछ।

१९. **पदाधिकार सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा प्रहरी कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरि रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) विदामा बसेको अवधिभर,

(घ) निलम्बन भएको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुञ्जेलको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२०. **कायम मुकायम र निमित्त सम्बन्धी व्यवस्थाः** (१) प्रहरीको कुनै पनि पदमा सामान्यतयाः कायम मुकायम मुकरर गरिने छैन।

तर कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिको प्रहरी कर्मचारीमध्ये बढुवाका लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको दर्ज्यानी चिन्ह, सम्पूर्ण अधिकार प्रयोग गर्नुका साथै सुविधा समेत पाउनेछ।

(४) देहायको पदमा देहायको अधिकारीले कायम मुकायम मुकरर गर्नुपर्नेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षक पदमा सम्बन्धित बढुवा समितिको सिफारिसमा प्रदेश सरकार,

(ख) प्रहरी उपरीक्षक पदमा बढुवा समितिको सिफारिसमा मन्त्री, मन्त्रालय,

(ग) प्रहरी नायव उपरीक्षक पदमा बढुवा समितिको सिफारिसमा सचिव, मन्त्रालय,

(घ) प्रहरी निरिक्षक पदमा बढुवा समितिको सिफारिसमा प्रदेश प्रहरी प्रमुख।

(५) कुनै कारणले कार्यालय प्रमुख कार्यालयमा अनुपस्थित हुने भएमा वा कार्यालय प्रमुखको पद रिक्त हुने भएमा र त्यस्तो पदमा कायम मुकायम मुकरर नगरिएको अवस्थामा एक तह मुनिको सबै भन्दा बरिष्ठ प्रहरी कर्मचारीले निमित्त भई कामकाज गर्न सक्नेछ र त्यसरी निमित्त तोकिएको वा निमित्त भई कामकाज गरेको जानकारी प्रहरी बरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षकको हकमा मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई दिनुपर्नेछ।

(६) उपदफा (५) मा उल्लेखित दर्जा बाहेकका अन्य दर्जामा निमित्त तोकिएको वा निमित्त भई काम गरेकोमा सोको जानकारी प्रदेश प्रहरी कार्यालयमा दिनुपर्नेछ ।

(७) उपदफा (५) र (६) बमोजिम निमित्त भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## तालिम सम्बन्धी व्यवस्था

२१. **तालिम लिन अनिवार्य हुने**: प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीका लागि सञ्चालन गरिने तालिममा अनिवार्य सहभागी हुनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

२२. **आधारभूत तथा सेवाकालिन तालिम सम्बन्धी ब्यवस्था**: प्रहरी सेवाको विभिन्न पदमा दिईने आधारभूत, सेवाकालीन तथा विशिष्टिकृत र वृत्ति विकास लगायतका अन्य तालिमको आवश्यक्ताको पहिचान, पाठ्यक्रमको निर्माण, तालिम सञ्चालन, तालिमको अवधि र प्रशिक्षणको लागि आवश्यक पर्ने मापदण्डको निर्धारण तोकिए बमोजिम हुनेछ।

२३. **बैदेशिक तालिममा पठाउने**: प्रहरी कर्मचारीलाई बैदेशिक तालिमको लागि मनोनयन गर्दा सङ्गठनको आवश्यक्ता, सेवा विशिष्टिकरण, जेष्ठता र शैक्षिक योग्यताको आधारमा तोकिए बमोजिमको समितिले प्रहरी सङ्गठनका सम्भाव्य उम्मेदवारको नाम छनौट गरी प्रहरी प्रधान कार्यालयमा सिफारिस गर्नेछ।

२४. **तालिम सम्बन्धी अन्य व्यवस्था**: तालिममा संलग्न हुने प्रशिक्षक तथा प्रशिक्षार्थीले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि तथा तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ) सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -५

## बढुवा सम्बन्धी व्यवस्था

२५. **बढुवा समिति सम्बन्धी व्यवस्था**: (१) प्रदेश प्रहरी सेवाको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षक,प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक पदको लागि

(१) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(२) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(३) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/दशौं), प्रदेश लोक सेवा आयोगको कार्यालय -सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य सचिव

(ख) प्रहरी निरीक्षक, प्रहरी वरिष्ठनायव निरीक्षक, प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक पदका लागि

(१) प्रदेश प्रहरी प्रमुख,प्रदेश प्रहरी कार्यालय - अध्यक्ष

(२) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/ दशौं), आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(३) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/ दशौं), प्रदेश लोक सेवा आयोगको कार्यालय -सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक -सदस्य सचिव

(ग) प्रहरी बरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदका लागि

(१) प्रहरी उपरीक्षक, प्रदेश प्रहरी कार्यालय, - अध्यक्ष

(२) प्रतिनिधी (अधिकृतस्तर सातौं/आठौं), मन्त्रालय -सदस्य

(३) प्रतिनिधि (अधिकृतस्तर सातौं/आठौं), प्रदेश लोक सेवा आयोग - सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी निरीक्षक, प्रदेश प्रहरी कार्यालय - सदस्य सचिव

(२) बढुवा समितिमा रहेका पदाधिकारीको नजिकको नातेदार बढुवाको सम्भाव्य उम्मेदवार रहेछन् भने त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख वा दुवै त्यस्तो समितिको अध्यक्ष वा सदस्य रहेकोमा एक तह मुनिको बरिष्ठ अधिकारी तथा

मन्त्रालयको सचिव र प्रदेश प्रहरी प्रमुख बाहेकका अन्य दर्जा वा तहका पदाधिकारी सदस्य भएमा समान तहको अन्य पदाधिकारीलाई बढुवा समितिमा तोक्नु पर्नेछ।

**स्पष्टिकरणः** यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, सौतेनी बाबु, पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुहारी, ज्वाई, दाजु, भाउजू, भाई, भाई बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाई, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाई, भान्जा, भान्जी बुहारी, भान्जी, भान्जी ज्वाई, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाई, सासु, ससुरा, देवर, देउरानी, नन्द, आमाजु, जेठाजु, जेठानी, जेठान, साला, साली सम्झनु पर्दछ।

(३) उपदफा (२) बमोजिम पदाधिकारी तोक्दा सम्बन्धित कार्यालयले तोक्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाको लागि सिफारिस गर्नेछ।

(५) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिसको सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नेछ।

(६) प्रहरी सेवामा कुनै पद रिक्त भई बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएमा त्यस्तो पद रिक्त भएको मितिले तीन महिना भित्र बढुवाद्वारा पदपूर्ति गरिसक्नु पर्नेछ।

(७) बढुवा सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **बढुवाको सम्भाव्य उम्मेदवार हुनेः** (१) प्रहरी सेवाको रिक्त पदमा बढुवाद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन राजपत्र अनंकित श्रेणीको पदबाट सोभन्दा माथिको राजपत्र अनंकित श्रेणीको पदमा बढुवा हुन बढुवा हुने पद भन्दा तल्लो पदमा कम्तिमा चार वर्ष, राजपत्र अनंकित श्रेणीको पदबाट राजपत्राङ्कित श्रेणीको पदमा बढुवा हुन बढुवा हुने भन्दा तल्लो श्रेणीको पदमा न्यूनतम आठ वर्ष सेवा अवधि पूरा भएको हुनु पर्नेछ र त्यसरी बढुवाका लागि पदावधि गणना गर्दा प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार तथा प्रहरी नायब निरीक्षक

र प्रहरी बरिष्ठ नायव निरीक्षक पदमा कार्यरत रहँदाको अवधि समेत गणना गरिनेछ।

(२) राजपत्राङ्कित श्रेणीको पदबाट राजपत्राङ्कित सोही श्रेणीकै माथिल्लो पदमा बढुवा हुन वहाल रहेको पदमा कम्तिमा तीन वर्ष पदावधि पूरा भएको हुनु पर्नेछ।

२७. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>**: दफा २६ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्था र अवधिभर कुनै पनि प्रहरी कर्मचारी बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाईपाई आएको तलव वृद्धि घटुवा भएकोमा जति वर्षको तलव बृद्दि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) जेष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले चार वर्षसम्म,

(छ) वहाल रहेको पदमा तीन पटक भन्दा बढी नसिहत पाएको भए निज सम्भाव्य उम्मेदवार भएको मितिले दुई वर्षसम्म,

(ज) पदमा पूनःवहाली भएको प्रहरी कर्मचारीको हकमा पुनः बहाली भई तोकिएको तालिम प्राप्त भएको एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानविन समितिबाट छानविन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाई नपाएसम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा नीजि प्रयासमा अध्ययन गर्नका लागि विदामा बसेकोमा तोकिए बमोजिमको अवधिभर,

(ट) तोकिए बमोजिमको स्वास्थ्य परीक्षणको मापदण्ड पूरा नगरेको र

(ठ) कुनै प्रहरी कर्मचारीका लागि तोकिएको आधारभूत तालिम पूरा नगरेको।

२८. **<u>बढुवाका आधारः</u>** (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्य क्षमता वापत पाएको कूल अङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रम अनुसार बढुवाको लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कन गर्दा बढीमा एक सय अङ्क देहाय बमोजिम दिईनेछः-

(क) कार्य सम्पादन मूल्याङ्कन वापत चालीस अङ्क,

(ख) जेष्ठता वापत तीस अङ्क,

(ग) शैक्षिक योग्यता वापत सात अङ्क,

(घ) तालिम वापत आठ अङ्क,

(ङ) भौगोलिक क्षेत्रमा काम गरे बापत आठ अङ्क,

(च) जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत दुई अङ्क,

(छ) बढुवा समितिले दिने पाँच अङ्क।

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङकन वापत अङ्कको गणना गर्दा असार मसान्तसम्मको हिसावले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्याद सम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

२९. **<u>कार्य सम्पादन मूल्याङ्कनसम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्यसम्पादन मुल्याकंन प्रत्येक आर्थिक बर्षको हिसाबले बार्षिक रुपमा गरिनेछ।

(३) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम् अङ्क -बीस

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम् अङ्क -पन्ध्र

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम् अङ्क -पाँच

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्ष सेवा आवश्यक

पर्ने हो पछिल्लो त्यतिनै वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाव गरिनेछ।

(५) कार्य सम्पादन मूल्यांकन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **<u>जेष्ठतावापत दिइने अङ्कसम्बन्धी व्यवस्था</u>** : (१) प्रहरी कर्मचारीलाई जेष्ठता वापतको अङ्क दिँदा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षका लागि दुई अङ्कका दरले बढीमा तीस अङ्क दिईनेछ।

(२) जेष्ठता बापत अङ्क दिँदा एक वर्ष भन्दा बढी अर्को वर्ष पूरा नभएको अवस्थामा महिना वा दिनको हिसाब गरी सोही अनुपातमा अङ्क दिईनेछ।

तर गयल कट्टी भएको अवधिको जेष्ठता वापतको अङ्क गणना गरिने छैन।

३१. **<u>शैक्षिक योग्यता सम्बन्धी व्यवस्था</u>**ः बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा बढीमा सात अङ्क दिईनेछ र शैक्षिक योग्यता वापत दिईने अङ्क विभाजन सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

३२. **<u>तालिम सम्बन्धी ब्यवस्थाः</u>** प्रहरी सेवाको पदमा कार्यरत रहँदा लिएको तालिम बापत बढीमा आठ अङ्क प्रदान गरिनेछ र तालिम वापत अङ्क दिने सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **<u>भौगोलिक क्षेत्रसम्बन्धी ब्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीको पदस्थापन, सरुवा र बढुवा प्रयोजनको लागि प्रदेशमा (क),(ख),(ग),(घ) र (ङ) भौगोलिक क्षेत्र रहनेछ र त्यसरी कायम गरिने भौगोलिक क्षेत्र अनुसूची-१ बमोजिम हुनेछ।

(२) कुनै प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्रमा कार्यरत भई सेवा गरे बापत अङ्क दिँदा प्रत्येक वर्षका लागि देहाय बमोजिम बढिमा आठ अङ्क दिईनेछः-

(क) "क" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष एक अङ्क,

(ख) "ख" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शुन्य दशमलव असी अङ्क,

(ग) "ग" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शुन्य दशमलव साठी अङ्क,

(घ) "घ" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शुन्य दशमलव चालीस अङ्क र

(ङ) "ङ" वर्गको भौगोलिक क्षेत्रमा सेवा गरे बापत प्रत्येक वर्ष शुन्य दशमलव वीस अङ्क।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी तालिम केन्द्र वा अन्य प्रहरी प्रशिक्षण केन्द्र, प्रदेश दङ्गा नियन्त्रण गण, प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय र विपद व्यवस्थापन गुल्ममा कार्यरत रही सेवा गरे बापत उपदफा (१) को खण्ड (ग) बमोजिमको अङ्क प्रदान गरिने छ।

३४. **जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य सम्बन्धी ब्यवस्थाः** (१) प्रहरी सेवाको पदमा कार्यरत रहँदा जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत बढीमा दुई र घटीमा एक अङ्कभन्दा कम दिईने छैन।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापतको अङ्क दिने कार्य बार्षिक रुपमा पुनरावलोकनकर्ताको तहको अधिकृतबाट हुनेछ।

(३) जोखिमपूर्ण वा चुनौतिपूर्ण कार्य बापत प्रदान गरिने अङ्क लगायतका अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **बढुवा समितिले दिने अङ्कः** (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई वढीमा पाँच अङ्क प्रदान गर्नेछ र त्यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट अङ्क निर्धारण गरिनेछ।

(२) बढुवा समितिका अध्यक्ष र सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै प्रहरीलाई दुई भन्दा कम वा चार भन्दा बढी अङ्क दिनु परेमा त्यसरी घटी वा बढी अङ्क दिनु पर्नाको आधार र कारण स्पष्ट खुलाउनु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यसम्पादनमा प्राप्त गरेको अङ्क र निजले हालको पदमा प्राप्त गरेको पुरस्कार तथा पाएको सजाय समेतलाई आधार लिनु पर्नेछ।

३६. **बढुवा उजुरी सम्बन्धी व्यवस्थाः** (१)बढुवा समितिको सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सिफारिस सम्बन्धी निर्णय भएको मितिले सात

दिनभित्र बढुवाको उजुरी सुन्ने समितिको अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सुनी निर्णय गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदको बढुवा सिफारिसको हकमाः

(१) अध्यक्ष,प्रदेश लोकसेवा आयोग - अध्यक्ष

(२) प्रमुख सचिव,प्रदेश सरकार -सदस्य

(३) कानून सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ख) प्रहरी निरीक्षक, प्रहरी बरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदको बढुवा सिफारिसको हकमाः-

(१) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको लोकसेवा आयोगको सदस्य - अध्यक्ष

(२) सचिव, मन्त्रालय - सदस्य

(३) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) प्रहरी बरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदको बढुवा सिफारिसको हकमाः

(१) सचिव, प्रदेश लोकसेवा आयोग - अध्यक्ष

(२) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर नवौं/दशौं), मन्त्रालय -सदस्य

(३) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी उपरीक्षक - सदस्य

३७. <u>स्वतः बढुवा सम्बन्धी ब्यबस्थाः</u> (१) एउटै पदमा पाँच बर्ष सेवा अवधि पूरा गरेका र कार्यसम्पादनमा कैफियत नजनिएका प्रहरी कर्मचारीको कार्यालय सहयोगी देखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकास हुनु भन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई स्वतः एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीको पदस्थापना गर्न आवश्यक पर्ने बिशेष पद स्वतः सिर्जना भएको मानिनेछ र त्यस्तो विशेष पदमा पदस्थापना भएको प्रहरी कर्मचारी प्रदेश प्रहरी सेवाबाट अवकास भएपछि सो पद स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनु भन्दा अघिको पदबाट अवकास हुँदा पाउने सुबिधा भन्दा घटी नहुने गरी सुबिधा दिईनेछ ।

३८. <u>मानार्थ बढुवा सम्बन्धी व्यवस्थाः</u> (१) प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले प्रशंसनीय काम गरेको तर बढुवाको अवसर नपाई अनिवार्य अवकाश हुनेप्रहरी निरीक्षक देखि प्रहरी वरिष्ठ उपरीक्षक दर्जासम्मका प्रहरी अधिकृतलाई बढुवा समितिको सिफारिस साथ अवकाश हुनु अघि मानार्थ बढुवाको लागि प्रदेश प्रहरी प्रमुखले मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्न सक्नेछ र त्यसरी पेश भएमा प्रदेश सरकारले मानार्थ बढुवा गर्न सक्नेछ।

(२) प्रहरी वरिष्ठ नायव निरीक्षक र प्रहरी नायव निरीक्षक पदमा प्रशंसनीय काम गरेको तर बढुवाको अवसर नपाएका प्रहरी कर्मचारीलाई अनिवार्य अवकाश हुनु भन्दा अघि प्रदेश प्रहरी प्रमुखले एक तह माथिको दर्जामा मानार्थ बढुवा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ बढुवा हुने प्रहरी कर्मचारीले दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउनेछ र त्यसरी बढुवा हुने प्रहरी कर्मचारीले मानार्थ बढुवा भएको पदको सुबिधा पाउनेछैन।

३९. <u>बढुवा सम्बन्धी विशेष व्यवस्थाः</u> (१) देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई बढुवा समितिको सिफारिसमा प्रदेश प्रहरी प्रमुखले राजपत्र अनंकित पदसम्म एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र तथा प्रहरी सङ्गठनको मान, प्रतिष्ठा र गौरव बढाउने प्रशंसनीय, सृजनात्मक र शाहसीक कार्य गरेमा,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न बिधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवी उच्च बनाउन विशेष योगदान पुऱ्याएमा,

(ग) प्रहरी सेवामा रही कर्तब्य पालनाको सिलसिलामा वीरगती प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकास लिनु पर्ने अवस्था भएमा।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको आधारमा बढुवा गर्दा एक आर्थिक वर्षमा तीन जनाभन्दा बढी सङ्ख्यामा बढुवा गरिने छैन तर उपदफा (१) को खण्ड (ग) को अवस्थाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) उपदफा (१) बमोजिम बढुवा गर्दा बढुवा भएका प्रहरी कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र कारण सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिन भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद -६

## सरुवा र काज सम्बन्धी व्यवस्था

४०. **सरुवा सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरी कर्मचारीको सरुवा सामान्यतया दुई वर्षमा गरिनेछ तर राजपत्राङ्कित श्रेणीको प्रहरी कर्मचारी र प्रहरी कार्यालय प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा कार्यबोझ, कार्य विविधता समेतका आधारमा नेतृत्व, सहायक नेतृत्व र सहायक कर्मचारीको रुपमा सामान्यतया समानता हुने गरी गरिनेछ।

(३) प्रहरीका पति-पत्नि दुवै प्रहरी कर्मचारी भए समायोजन भई पदस्थापना वा सरुवा गर्दा सामान्यतया एकै कार्यालयमा गरिनेछ र त्यसरी सम्भव नभए दुवै जनालाई सकेसम्म नजिकको कार्यालयमा पदस्थापना वा सरुवा गरिनेछ।

तर त्यसरी सरुवा गर्दा पति वा पत्नि मध्ये पछिल्लो सरुवा जसको भएको छ सोही सरुवालाई आधार मानी सरुवा गरिने छ।

(४) कुनै पनि प्रहरीको समायोजन भई पहिलो पटक पदस्थापन गर्दा प्रदेश भित्रको यस ऐन बमोजिमको जुनसुकै भौगोलिक क्षेत्रमा पदस्थापन गर्न सकिनेछ र त्यसपछि सरुवा गर्दा देहायका आधारमा गरिनेछः-

(क) सरुवा प्रयोजनको लागि पुरै प्रदेशलाई दफा ३३ को उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्र मानी सरुवा गरिनेछ।

(ख) "क","ख" र"ग" वर्गको भौगोलिक क्षेत्रको कुनै क्षेत्रमा कार्यरत प्रहरी अर्को पटक सरुवा हुँदा "घ" र "ङ"वर्गको भौगोलिक क्षेत्रमा सरुवा हुनेछ भने "घ" र "ङ"वर्गको भौगोलिक क्षेत्रमा कार्यरत प्रहरी अर्को पटक सरुवा हुँदा "क","ख" र"ग" वर्गको भौगोलिक क्षेत्रमा सरुवा हुनेछ।

(ग) दफा ३३ को उपदफा (३) बमोजिमका कार्यालयलाई दफा ३३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको भौगोलिक क्षेत्र सरह मानी प्रहरी कर्मचारीलाई त्यस्तो कार्यालयमा वा त्यस्तो कार्यालयबाट अन्यत्र सरुवा गरिनेछ।

(घ) प्रहरी कर्मचारीको सरुवा गर्दा कार्यालय र दर्जा मिले सम्म कार्यालय प्रमुखबाट पूनः कार्यालय प्रमुखको रुपमा सरुवा गरिने छैन।

(ङ) जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी जस्ता दैनिक प्रहरी कार्यमा प्रत्यक्ष संलग्न हुने कार्यालयमा कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्दा वा खटाउँदा सामान्यतया निजको स्थायी बसोबास भएको जिल्लामा खटाइने छैन।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम सरुवा गर्दा (क), (ख) र (ग) भौगोलिक क्षेत्रबाट (घ) र (ङ) भौगोलिक क्षेत्रमा तथा (घ) र (ङ) भौगोलिक क्षेत्रबाट (क), (ख) र (ग) भौगोलिक क्षेत्रमा सरुवा गर्दा सम्भव भएसम्म पाँच वटै भौगोलिक क्षेत्रका कार्यालयमा पालैपालो कार्यरत रहने गरी सरुवा गरिने छ।

(६) उपदफा (४) को खण्ड (ग) बमोजिम बाहेक हुने गरी कुनै कारणले सरुवा गर्नु परेमा सरुवा गर्ने अधिकारीले त्यसरी सरुवा गर्नुको आधार

र कारण खोली पर्चा खडा गरी सरुवा गर्न सक्नेछ र त्यसरी गरिएको सरुवाको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

(७) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सरुवा सम्बन्धी अवधि नपुग्दै कुनै पनि प्रहरी कर्मचारीलाई जुनसुकै भौगोलिक क्षेत्रमा सरुवा गर्न सकिनेछः-

(क) आचरण विरुद्धको कार्य गरेमा वा,
(ख) पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा वा,
(ग) यस ऐन बमोजिम निजलाई बिभागीय सजाय गर्नुपर्ने भएमा वा,
(घ) तोकिए बमोजिमका अन्य अवस्था सिर्जना भएमा।

(८) प्रहरी कर्मचारीको सरुवा सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

४१. **सरुवा गर्ने अधिकारीः** देहायका प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक पदमा मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार,
(ख) प्रहरी उपरीक्षक पदमा प्रदेश प्रहरी प्रमुखको सिफारिसमा मन्त्री, मन्त्रालय,
(ग) प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक पदमा प्रदेश प्रहरी प्रमुख,
(घ) प्रहरी बरिष्ठ नायब निरीक्षकदेखि प्रहरी सहायक निरीक्षक पदसम्मका प्रहरीलाई प्रहरी बरिष्ठ उपरीक्षक,
(ङ) प्रहरी बरिष्ठ हवल्दारदेखि प्रहरी कार्यालय सहयोगी पदसम्मका प्रहरीलाई प्रहरी उपरीक्षकबाट।

४२. **काज सम्बन्धी व्यबस्थाः** (१) प्रहरी कर्मचारीलाई सामान्यतया काजमा खटाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारीलाई काजमा खटाउनु पर्ने अवस्था परेमा त्यसरी काजमा खटाउनु

परेको आधार र कारण खुलाई पर्चा खडा गरी सरुवा गर्ने अधिकारीले काजमा खटाउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला प्रहरी प्रमुखले सम्बन्धित जिल्लाको प्रहरी वरिष्ठ नायव निरीक्षकदेखि प्रहरी कार्यालय सहयोगी दर्जासम्मका प्रहरी कर्मचारीलाई जिल्लाभित्र काज खटाउनु परेमा काजमा खटाउनु पर्ने आधार र कारण खोली पर्चा खडा गरी काजमा खटाउन सक्नेछ।

## परिच्छेद -७

## प्रदेश प्रहरीको काम, कर्तब्य र अधिकार

४३. **प्रहरीको काम, कर्तब्य र अधिकार**: (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउधनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक व्यवस्था मिलाउने,

(घ) यो ऐन र प्रचलित कानून वमोजिम अपराध अनुसन्धान सम्वन्धी कार्य गर्ने,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय

अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायसँग सहयोग र समन्वय जुटाउने,

(ज) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(झ) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(ञ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिराशत कक्ष तथा कारागार र हिराशत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ट) ट्राफिक प्रहरीलाई समयानुकूल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ठ) प्रदेशभित्र नीजि क्षेत्रका सुरक्षा प्रदायक व्यक्ति वा संस्था तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ड) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ढ) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ण) बेवारिसे सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(त) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएमा आवश्यक सहयोग उपलब्ध गराउने,

(थ) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा संघीय कानून बमोजिम समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(द) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(ध) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्य गर्ने गराउने।

(२) सार्वजनिक आवागमन सम्वन्धमा प्रचलित कानून बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले समेत प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम अपराध अनुसन्धान गर्दा प्रदेश प्रहरीलाई मुख्य न्यायाधिवक्ता आफैले वा उच्च सरकारी वकिल कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालय मार्फत आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्वन्धित उपकरणको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-८

## पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा

४४. <u>प्रहरीले पाउने पारिश्रमिक तथा सुबिधाः</u> (१) प्रहरी कर्मचारीले पाउने पारिश्रमिक, भत्ता, रासन खर्च, चाडपर्व खर्च तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरीमा समायोजन भई आउने प्रहरी कर्मचारीले खाईपाई आएको ग्रेडको सीमा अन्तिम भए तापनि समायोजन बापतको थप दुई ग्रेड पाउनेछ।

(३) प्रहरी कर्मचारीले कुनै किसिमले सेवाबाट अलग हुँदा सेवा अवधिभरमा राजपत्राङ्कित स्तरको प्रहरी अधिकृत भएमा बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणीबिहिन प्रहरी कर्मचारी भए एक्काईस महिना बराबरको पारिश्रमिक रकम उपचार खर्च बापत पाउनेछ।

(४) प्रहरी कर्मचारीलाई उपलब्ध गराईने उपचार खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **सञ्चय कोष सम्बन्धी व्यवस्था:** प्रहरी कर्मचारीको मासिक तलबवाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी संचय कोषमा जम्मा गर्नेछ।

४६. **थप सुविधा सम्बन्धी विशेष व्यवस्था:** प्राकृतिक तथा गैर प्राकृतिक विपद् वा अन्य विशिष्ट परिस्थितिमा परिचालित हुने प्रहरी कर्मचारीलाई प्रदेश सरकारले तोके बमोजिम थप विशेष सुबिधा उपलब्ध गराउन सक्नेछ।

४७. **विमा सम्बन्धी व्यवस्था:** प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन विमासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **प्रहरी कल्याण कोष सम्बन्धी व्यवस्था**: प्रहरी कर्मचारी, निजका परिवार तथा सेवा निवृत्त प्रहरी कर्मचारी, शहिद (अमर) प्रहरी परिवार र अशक्त प्रहरीको कल्याणका लागि प्रदेशस्तरीय छुट्टै कोष हुनेछ।

४९. **कोषको संचालक समिति सम्बन्धी व्यवस्था:** (१) दफा ४८ बमोजिमको कोषको संरक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ र त्यस्तो कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको एक कल्याण कोष सञ्चालक समिति रहनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक, प्रदेश प्रहरी कार्यालय, प्रशासन हेर्ने महाशाखा प्रमुख - अध्यक्ष

(ख) प्रमुख, प्रदेश प्रहरी अस्पताल -सदस्य

(ग) प्रतिनिधि, मन्त्रालय (अधिकृतस्तर कम्तिमा नवौं तह) -सदस्य

(घ) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय (अधिकृतस्तर कम्तिमा नवौं तह) - सदस्य

(ङ) अवकाश प्राप्त र बहालवाला प्रहरी अधिकृत मध्येवाट संरक्षकले मनोनित गरेका दुई जना - सदस्य

(च) अवकास प्राप्त र वहालवाला प्रहरी हवल्दार वा प्रहरी जवान मध्येबाट संरक्षकले मनोनित गरेको दुई जना -सदस्य

(छ) प्रदेश प्रहरी कार्यालय, कल्याण कोष हेर्ने,शाखा प्रमुख -सदस्य सचिव

(२) दफा ४८ वमोजिमको प्रहरी कल्याण कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **<u>बिदा सम्बन्धी व्यवस्थाः</u>** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्ः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) प्रहरी कर्मचारीले पाउने विदा सहुलियत मात्र हो, अधिकारको रुपमा दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको घर बिदा तोकिए वमोजिम सञ्चित हुनेछ र त्यसरी सञ्चित भएको घर विदा बापतको रकम विदा सञ्चित गर्ने प्रहरी कर्मचारीले खाईपाई आएको पारिश्रमिक बराबर हुने गरी अवकाश लिदाँ भुक्तानी पाउनेछ।

(४) उपदफा (३) बमोजिम सञ्चित बिदा बाहेक थप घर बिदा सञ्चित भएमा त्यस्तो सञ्चित बिदा बापतको रकम बर्ष समाप्त भएको अर्को बर्षको पहिलो महिनामा थप सञ्चित भएको कुल बिदाको दिनमध्ये पचास प्रतिशत दिन बराबरको रकम शुरु तलब स्केलको आधारमा हिसाव गरी दिइनेछ।

(५) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>अवकाश, उपदान तथा निबृत्तिभरण सम्बन्धी व्यवस्था</u>

५१. **<u>अनिवार्य अवकाश सम्बन्धी व्यवस्था:</u>** (१) प्रहरी कर्मचारीको उमेरको हद तथा पदावधी मध्ये जुन पहिला पूरा हुन्छ सोही मितिबाट त्यस्ता प्रहरी कर्मचारीको अवकास हुनेछ ।

(२) देहायका प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सेवावाट स्वतः अवकाश पाउनेछः-

(क) देहायको पदमा वहाल रहेको प्रहरीको देहाय बमोजिम उमेर पूरा भएमाः-

(१) प्रहरी बरिष्ठ उपरीक्षक छपन्न वर्ष,

(२) प्रहरी उपरीक्षक पच्पन्न बर्ष,

(३) प्रहरी नायब उपरीक्षक चौवन्न बर्ष,

(४) प्रहरी निरीक्षक त्रिपन्न बर्ष,

(५) प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक वाउन्न बर्ष,

(६) प्रहरी सहायक निरीक्षक एकाउन्न बर्ष,

(७) प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी जवान अड्चालीस बर्ष,

(८) प्रहरी कार्यालय सहयोगी पच्पन्न बर्ष।

(ख) देहायको पदमा देहायको अवधिसम्म बहाल रहेको प्रदेश प्रहरी अधिकृतले सो अवधि भुक्तान गरेको आधारमाः-

(१) प्रहरी बरिष्ठ उपरीक्षक छ बर्ष,

(२) प्रहरी उपरीक्षक दश बर्ष।

५२. **<u>सेवाबाट अलग हुन नपाउने:</u>** (१) कुनै पनि प्रहरीले नियुक्ति भएको मितिले पाँच वर्ष सेवा अवधि पूरा नभएसम्म सेवाबाट अलग हुन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीलाई उचित र उपयुक्त कारणले सेवाबाट अलग नभई नहुने अवस्था परेमा निजले कारण खोली अख्तियारवाला समक्ष निवेदन दिनु पर्नेछ र अख्तियारवालाले मनासिब ठानेमा प्रहरी कर्मचारीलाई सेवाबाट अलग हुन अनुमति दिन सक्नेछ।

(३) पाँच वर्ष सेवा अवधि पूरा नगरी राजिनामा स्वीकृत नगराई सेवाबाट अलग हुने प्रहरी कर्मचारीबाट तालिम अवधिमा लागेको सम्पूर्ण खर्च सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५३. <u>स्वेच्छिक अवकाशसम्बन्धी व्यवस्थाः</u> पाँच वर्ष सेवा अवधि पूरा गरेको कुनै पनि प्रहरी कर्मचारीले उपयुक्त र उचित कारण देखाई नियुक्ति दिने अधिकारी समक्ष राजिनामा दिई स्वीकृत गराई स्वेच्छिक अवकाश लिन सक्नेछ र त्यस्तो स्वेच्छिक अवकाश लिने प्रहरी कर्मचारीले पाउने सुबिधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. <u>उपदान सम्बन्धी व्यवस्था:</u> (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने सेवा अवधि नपुगेको प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाएमा वा अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा त्यस्तो प्रहरी कर्मचारीले उपदान पाउनेछ।

(२) उपदफा (१) बमोजिम पाउने उपदानसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. <u>निवृत्तिभरण सम्बन्धी व्यवस्था:</u> (१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले सेवाबाट अवकास भए पश्चात निबृत्तिभरण पाउनेछ।

तर मिति २०६०।१२।२६ गते अगावै नेपाल प्रहरीमा नियुक्ति भई प्रदेश प्रहरीमा समायोजन हुन आएका प्रहरी कर्मचारीले देहाय बमोजिम वा सोभन्दा बढी अवधिसम्म प्रहरी सेवामा काम गरी नोकरीबाट अवकाश भएमा निवृत्तिभरण पाउनेछः-

(क) राजपंत्राकित अधिकृत बीस बर्ष,

(ख) प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि प्रहरी सहायक निरीक्षक सम्म अठार बर्ष,

(ग) प्रहरी वरिष्ठ हवल्दारदेखि प्रहरी जवान सम्म सोह्र बर्ष,

(घ) प्रहरी कार्यालय सहयोगी बीस वर्ष।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा निबृत्तिभरण सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि यसै ऐन बमोजिम नियुक्त हुने प्रहरीले पाउने योगदानमा आधारित निबृत्तिभरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रहरी कर्मचारीले पाउने निबृत्तिभरण, पारिवारिक निबृत्तिभरण, अशक्तवृत्ति, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्तती वृत्ति शैक्षिक वृत्ति सम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. **राजिनामा दिन सक्नेः** (१) कुनै प्रहरी कर्मचारीले अख्तियार प्राप्त अधिकारी समक्ष राजिनामा दिई स्वीकृत गराई सेवावाट अवकाश लिन सक्नेछ र त्यसरी सेवाबाट अवकाश हुने प्रहरी कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ।

(२) प्रहरी कर्मचारीको राजिनामा स्वीकृत गर्ने अधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबमा गरिनेछ।

## परिच्छेद -१०

## आचरण सम्बन्धी व्यवस्था

५७. **दान, दातव्य, उपहार लिन नहुनेः** प्रहरी सङ्गठन र सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना स्वदेशी तथा विदेशी कसैबाट पनि कुनै पनि प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन हुँदैन।

५८. **चन्दा लिन नहुनेः** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृती बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन।

५९. **सम्पत्ति विवरण बुझाउनु पर्नेः** प्रहरी कर्मचारीले तोकिए बमोजिमको फाराममा आफ्नो सम्पत्ति बिबरण भरी आर्थिक बर्ष समाप्त भएको साठी दिन भित्र सम्बन्धित कार्यालय मार्फत तोकिएको निकायमा बुझाउनु पर्नेछ।

६०. **कम्पनी स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुदैनः-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

६१. **सरकारी काममा थाहा पाएका कुरा सार्वजनिक गर्नमा प्रतिवन्धः** प्रहरी कर्मचारीले प्रदेश सरकार वा विशेष रुपबाट अख्तियार प्राप्त नगरी आफूले कर्तव्य पालना गर्दा सरकारी तथा गैरसरकारी स्रोतबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा संग्लन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ती वा सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन र यस्तो प्रतिबन्ध जुनसुकै कारणले प्रहरी सेवाबाट अलग रहेको प्रहरी कर्मचारीको हकमा समेत लागू हुनेछ।

६२. **रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक संजाल वा बिद्युतीय माध्यम वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुनेः** (१) प्रहरी कर्मचारीले प्रदेश सरकारको अनुमती प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय सञ्चार माध्यम वा अन्य सञ्चार माध्यममा आफ्नो वास्तविक तथा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रशारण गर्न हुदैन।

तर प्रहरी कार्यालयको प्रमुख वा प्रवक्ताले कर्तव्य पालनको सिलसिलामा प्रहरी काम कारबाहीको बिषयमा स्पष्ट गर्नको लागि सञ्चार माध्यममा बोल्न वा स्पष्ट गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको लेख प्रकाशन वा प्रशारण गर्न बाधा पर्ने छैन।

६३. **सरकारको आलोचना गर्न नहुने:** प्रहरी कर्मचारीले सरकारको नीति विरुद्ध असर पर्ने गरी अथवा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनता बीचको पारस्परिक सम्बन्धमा अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामवाट अथवा बेनामी लेख प्रकाशित गर्ने, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्ने, सार्वजनिक भाषण दिन वा वक्तव्य प्रशारण गर्न हुँदैन।

६४. **निर्वाचनमा भाग लिन नहुने:** प्रहरी कर्मचारीले कुनै राजनैतिक पदको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारको आफ्नो प्रभाव पार्नु हुँदैन।

तर कसैलाई मत दिएको वा दिन बिचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६५. **राजनीतिमा भाग लिन नहुने:** प्रहरी कर्मचारीले कुनै राजनैतिक दलको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले प्रभाव पार्नु हुदैन।

६६. **प्रेसको सहारा लिन नहुने:** प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृती नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनको सम्बन्धमा लगाएको आरोपको निमित्त प्रेस अथवा सञ्चारको सहारा लिन हुँदैन।

तर यस दफाले प्रहरी कर्मचारीले आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाई दिन पाउने अधिकारमा कुनै असर पुर्याएको मानिने छैन।

६७. **समय पालना र नियमितता:** प्रहरी कर्मचारीले ठीक समयमा नियमित रुपले आफ्नो पालोमा हाजिर हुनु पर्नेछ र साधारणतया बिदा स्वीकृत नगराई काममा अनुपस्थित हुन पाउने छैन।

६८. **अनुशासन र आज्ञापालन:** (१) प्रहरी कर्मचारीले आफ्नो जिम्मेवारी र कर्तव्य ईमान्दारिता र तत्परताका साथ पालना गर्नु पर्नेछ।

(२) प्रहरी कर्मचारीले सरकारी काम सम्बन्धी विषयमा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीले आफूभन्दा माथिको सबै प्रहरी अधिकृत प्रति उचित आदरपूर्ण व्यवहार देखाउनु पर्नेछ र आफू मातहतका प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नु पर्नेछ।

६९. <u>बाहिरी प्रभावमा पार्न नहुने</u>ः प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी बिषयमा आफ्नो स्वार्थका लागि आफूभन्दा माथिको अधिकृतलाई कुनै आन्तरिक वा बाह्य प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन।

७०. <u>लैङ्गिक संवेदनशील हुनुपर्नेः</u> प्रहरी कर्मचारीले आफ्नो काम, कारवाही र व्यवहारमा लैङगिक संवेदनशीलताको सधै ख्याल गर्नु पर्नेछ।

७१. <u>कानून विपरीत बिबाह गर्न नहुनेः</u> प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

७२. <u>हातपात वा जोरजुलुम गर्न नहुने</u>ः प्रहरी कर्मचारीले कुनै कर्मचारी उपर हातपात जोरजुलुम वा कुनै प्रकारको आक्रमण गर्नु वा गराउनु हुँदैन।

७३. <u>स्थायी आवासीय अनुमति लिन नहुनेः</u> (१) प्रहरी कर्मचारीले अन्य कुनै देशको स्थायी आवासीय अनुमति लिन पाउने छैन।

(२) प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएमा अनुमति लिएको तीस दिन भित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिम विवरण पेश गर्नु पर्नेछः

(क) आफ्नो नामथर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासिय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम,

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ।

७४. <u>अन्य आचरण सम्बन्धी व्यवस्थाः</u> प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद -११

## <u>विभागीय सजाय र पुनरावेदन</u>

७५. **विभागीय सजायः** (१) प्रहरी कर्मचारीले यस ऐन, नियमावली तथा प्रचलित कानून विपरीत कुनै कार्य गरेको उचित र पर्याप्त कारण प्राप्त भएमा त्यस्तो प्रहरी कर्मचारीलाई अख्तियारप्राप्त अधिकारीले देहाय बमोजिमको विभागीय कारवाही वा सजाय गर्न सक्नेछः-

(क) सामान्य सजाय अन्तर्गत देहाय बमोजिमको सजाय हुनेछः-

(१) शारीरिक परिश्रम हुने सजाय वा नियन्त्रणमा राख्ने,

(२) नसिहत दिने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म वढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलव वृद्धिसम्म रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच तलबवृद्धिसम्म घटुवा गर्ने,

(७) हालको पदको जेष्ठतासहित खाईपाई आएको शुरु तलब स्केलमा घटुवा गर्ने,

(८) तल्लो पदमा घटुवा गर्ने,

(ख) विशेष सजाय अन्तर्गत देहाय बमोजिमको सजाय हुनेछः-

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवावाट हटाउने र

(२) भबिष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

(२) प्रहरी कर्मचारीलाई गरिने बिभागीय कारवाही वा सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम सजाय हुने कुनै कसूर गरेमा त्यस्तो कानून बमोजिम कारबाही वा सजाय गर्न यो ऐनले कुनै बाधा पुऱ्याएको मानिनेछैन।

७६. **<u>निलम्बन सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोग जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन सक्ने अख्तियारप्राप्त अधिकारीले जाँचबुझ समाप्त नहुँदा सम्मको लागि त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ र यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिना भन्दा बढी हुने छैन र निलम्बन अवधिमा निज उपर लागेको अभियोगको टुङ्गो लगाइसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्थामा निलम्वन गर्न सकिनेछः-

(क) निलम्बन नगरी पदको काम गर्न दिँदा झुठा प्रमाण सङ्कलन गर्न सक्ने वा आफू विरुद्धको सवुद प्रमाण लुकाउन वा नष्ट गर्न सक्ने देखिएमा,

(ख) निलम्बन नगरी पदको काम गर्न दिंदाथप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा,

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगर्दा सङ्गठनभित्रका कर्मचारीमा नैराश्यता, उत्तेजना आउने, जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रदेश प्रहरी सङ्गठनको प्रतिष्ठामा आँच आउने देखिएमा।

(४) उपदफा (१) बमोजिम निलम्बनको अवस्थामा रहेको प्रहरी कर्मचारीले निलम्बन अवधिभर पाउने पारिश्रमिकको आधा रकम मात्र पाउनेछ तर निलम्वन फुकुवा भएमा निलम्वन अवधिभरको सम्पूर्ण पारिश्रमिक र सुविधा पाउनेछ।

(५) कुनै प्रहरी कर्मचारी प्रचलित कानून बमोजिमको फौजदारी अभियोगमा निज विरुद्ध अदालतमा मुद्धा चली शुरु अदालतबाट अभियोग

प्रमाणित नभई सफाई पाएमा त्यस्तो प्रहरीको हकमा निलम्बन फुकुवा गरिनेछ।

(६) उपदफा (५) बमोजिम शुरु अदालतबाट सफाई पाउने प्रहरी कर्मचारीले आफूले सफाई पाएको फैसला वा आदेशको प्रमाणित प्रतिलिपि सहितको निवेदन अख्तियारप्राप्त अधिकारी समक्ष दिनु पर्नेछ र अख्तियारप्राप्त अधिकारीले निवेदन प्राप्त हुनासाथ त्यस्तो प्रहरी कर्मचारीको निलम्बन फुकुवा गर्नुपर्नेछ।

(७) कुनै पनि प्रहरी कर्मचारीलाई कुनै फौजदारी अभियोगमा शुरु अदालतले कसूरदार ठहर गरेकोमा पुनरावेदन सुन्ने अदालतले सफाई दिएमा सफाई दिएको प्रमाण सहित अख्तियारप्राप्त अधिकारीसमक्ष निवेदन दिएमा त्यस्तो प्रहरी कर्मचारीको निलम्वन फुकुवा हुनेछ।

(८) कुनै प्रहरी कर्मचारीलाई कुनै फौजदारी अभियोगमा शुरु अदालतले सफाई दिएकोमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो अभियोगमा कसूरदार ठहर गरेमा सोही बमोजिम हुनेछ।

७७. **सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्थाः** दफा ७५ बमोजिमको सजाय गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

७८. **विभागीय सजायको पुनरावेदन सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि प्रहरी कर्मचारी उपर गरिएको बिभागीय कारबाही वा अन्य सजाय सम्बन्धी निर्णय वा आदेशका सम्बन्धमा चित्त नबुझे चित्त नबुझ्ने प्रहरी कर्मचारीले पुनरावेदन सुन्ने अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्ने प्रहरी कर्मचारीले आफूसँग भएको प्रमाण र निर्णय वा आदेशको प्रतिलिपी सहित निर्णय वा आदेशको प्रतिलिपी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा उपदफा (१)बमोजिमका अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो निवेदनका सम्बन्धमा निर्णय गर्नु पर्नेछ र त्यसरी गरिएको निर्णय वा आदेश अन्तिम हुनेछ।

७९. **पुनरावेदन सुन्ने अधिकारी सम्बन्धी व्यवस्थाः** पुनरावेदन सुन्ने अधिकारी लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -१२

## कसूर तथा सजाय

८०. **कडा अपराध सम्बन्धी व्यवस्था:** प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई जन्म कैद वा चौंध वर्षसम्म कैद वा तीन वर्षको पारिश्रमिक बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछः-

(क) प्रहरी सेवामा सशस्त्र विद्रोह गरे वा गराएमा वा विद्रोहमा सरिक भएमा वा त्यस्तो विद्रोह गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो कार्य गर्न षडयन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोशिस नगरेमा वा त्यस्तो बेला देशभक्त वा कर्तव्यरत कुनै पनि प्रहरी कर्मचारीलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्ने मनसाय राखेमा वा षडयन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नुपर्ने कारण हुँदाहुँदै पनि बेवास्ता गरी आफुभन्दा माथिल्लो पदाधिकारीलाई यथासक्य छिटो सूचना नदिएमा,

(घ) प्रहरी कार्यालय, गारद, पालोपहरा र आफूसाथ वा आफ्नो जिम्मामा रहेको हातहतियार, खरखजाना, अन्य सरकारी सम्पति र कागजात आक्रमणकारीलाई सुम्पी मद्दत गरेमा,

(ङ) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी सङ्गठन वा जनतामा जानी जानी झुठो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्कित पार्ने नियतले खतराको झुठो खबर फैलाएमा।

८१. **अन्य कडा अपराध सम्बन्धी व्यवस्था:** प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा दश वर्षसम्म कैद वा दुई वर्षको पारिश्रमिक बराबरसम्म जरीवाना वा दुवै सजाय हुनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारको कामकारबाही र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा बिभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बोलेर वा आकार, चिन्ह वा

सङ्केतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे, गराए वा उद्योग गरेमा,

(ख) कुनै मित्रराष्ट्र भित्र लुटपाट गरेमा वा गर्न तयारी गरेमा त्यस्तो व्यक्तिलाई मद्दत गरेमा वा सूचना दिएमा वा गलत मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क गरेमा,

(ग) आफू खटिएर वा आफ्नो जिम्मामा रहेकोवा आफूले रक्षा गर्नुपर्ने प्रहरी कार्यालय, गारद, पालो, पहरा, पिकेट टोली वागस्ति वा प्रतिष्ठान वा कार्यालय माथि आपराधिक कार्य गर्ने आक्रमणकारी वा हुलदङ्गा गर्नेले आक्रमण गरेका बखत मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशङ्कामा डराई भागेमा,

(घ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमाआफ्नो प्रहरी कार्यालय छोडी अन्य कार्यालय, गारद, पालो, पहरा, पिकेट, टोली, गस्ति, प्रतिष्ठान वा कार्यालयमा गएमा,

(च) ड्युटीमा रहेको वा नरहेको अवस्थामा समेत माथिल्लो दर्जाको प्रहरी भनी थाहा हुँदाहुँदै वा विश्वास गर्ने कारण छँदा छँदै अपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) सेवाबाट अवकाश भएको अवस्थामा बहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरु कसैको हातहतियार, खरखजाना, नगदी जिन्सी समेत तत्काल नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) कर्तव्य पालनको शिलशिलामा कायरता प्रदर्शन गरेमा।

८२. <u>**अन्य अपराध सम्बन्धी व्यवस्थाः**</u> प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा पाँच वर्षसम्म कैद वा एक वर्षको पारिश्रमिक बराबर जरिवाना वा दुवै सजाय हुनेछः

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरु कसैको सरसामान, नगदी, जिन्सी, सवारी साधन जानाजानी वा

लापरवाही गरी बिगारेमा, नष्ट गरेमा, हराएमा वा दुरुपयोग गरेमा वा बदनियतले अरु कसैलाई दिएमा,

(ख) प्रहरी कार्यालयमा राशन वा अन्य आवश्यक चिजवस्तु ल्याउने व्यक्तिउपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरेमा वा कुनै स्थानमा बल मिच्याई गरेमा,

(ग) आफूमाथिको प्रहरी कर्मचारीले दिएको कानून बमोजिमको आदेशको पालना नगरेमा,

(घ) प्रहरी सेवा छोडी भागेमा,

(ङ) सेन्ट्री भई पालो बसेको ठाउँमा सुतेमा वा नियमित बदली नआई बिना इजाजत छोडेमा,

(च) नियमित बदली नआई वा बिना इजाजत आफ्नो गारद, पिकेट, टोली वा गस्ति छाडेमा,

(छ) अख्तियार प्राप्त अधिकारीबाट राजिनामा स्विकृत नगराई प्रदेश प्रहरी सेवा छोडेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा,

(ज) सेन्ट्रीलाई कुटेमा वा जबरजस्ती गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा,

(झ) रीतपूर्वक बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा वा अख्तियारबिना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरबाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,

(ञ) गिरफ्तार भएको वा थुनिएको अवस्थामा अख्तियारवालाले नछाड्दै गिरफ्तार भएको वा थुनिएको ठाउँ छोडेमा,

(ट) रोग वा शारीरिक निर्बलताको झुठो बहाना गरेमा,

(ठ) आफ्नो कमान्ड वा जिम्मामा रहेको व्यक्तिको सङ्ख्या वा अवस्थाको वा त्यस्तो व्यक्ति वा नेपाल सरकार, प्रदेश सरकार वा प्रहरी सङ्गठनमा प्राप्त हुन आएको कसैको नगद, हातहतियार, खरखजाना, सरसामान वा अन्य मालसामानको झुठो फाँटवारी वा प्रतिवेदन जानीजानी पेश गरेमा वा गलत मनसायले वा जानीजानी लापरबाहीबाट

उल्लेखित विषयको फाँटवारी वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमावा इन्कार गरेमा,

(ड) राजनैतिक उद्देश्यले आयोजना गरिएका सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

(ढ) आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनावश्यक दुःख, झन्झट दिएमा वा कसैको सम्पत्ति हानी नोक्सानी गरेमा।

८३. **प्रहरी विशेष अदालतको गठन सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेद बमोजिम प्रहरीबाट हुने कसूर र त्यस्तो कसूरका सम्बन्धमा मुद्धा चलाउन र सजाय गर्ने प्रयोजनका लागि प्रहरी विशेष अदालत गठन गर्न सकिनेछ।

(२) उपदफा (१) वमोजिमको प्रहरी विशेष अदालत प्रदेश र जिल्ला स्तरमा अलग अलग गठन गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको विशेष अदालत गठन नहुन्जेलसम्म प्रहरीबाट हुने कसूर र त्यस्तो कसूरका सम्वन्धमा मुद्दा चलाउने र सजाय गर्ने सम्वन्धी व्यवस्था संघीय कानून वमोजिम हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको विशेष अदालतको गठन, काम, कर्तव्य र अधिकार र त्यस्तो विशेष अदालतबाट सम्पादन गरिने अन्य कार्य सम्बन्धी व्यवस्था संघीय कानूनले व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम हुनेछ ।

८४. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा ८३ को उपदफा (१) बमोजिम गठन हुने प्रहरी विशेष अदालतबाट हुने निर्णय वा आदेश उपर पुनरावेदन गर्ने व्यवस्था संघीय कानूनले व्यवस्था गरे अनुसार प्रदेश कानून वमोजिम हुनेछ।

८५. **अन्य कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम सजाय हुने अपराध गर्ने प्रहरी कर्मचारी उपर अन्यकानून बमोजिम मुद्दा चलाउन वा त्यस्ता प्रहरी कर्मचारीलाई अन्य कानून बमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्ड सजाय भन्दा बढी सजायको भागी हुन यस ऐनको कुनै दफाले बाधा पारेको मानिने छैन, तर कुनै प्रहरी कर्मचारीलाई एउटै कसूरमा एक पटक भन्दा वढी सजाय हुने छैन।

## परिच्छेद -१३

## विविध

८६. **कर्तव्य पालनाको सिलसिलामा प्रहरीको बचाउ सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम अपराध रोकथाम तथा नियन्त्रण गर्ने क्रममा वा कानून कार्यान्वयन गर्ने क्रममा पक्राउ गर्ने, व्यक्तिको जीउ, ज्यान र सम्पति रक्षा, विशिष्ट व्यक्तिको सुरक्षा, महत्वपूर्ण चीजवस्तु वा संरचनाको सुरक्षा, सार्वजनिक सम्पतिको रक्षा गर्दा प्रहरीको आत्मरक्षाको क्रममा वा अन्य प्रहरी काम कारबाहीको सिलसिलामा असल नियतले आवश्यकता अनुसार समानुपातिक कानूनी बल प्रयोग गर्न सक्नेछ र त्यसरी बल प्रयोग गर्दा हुन गएको क्षति उपर सम्बन्धित प्रहरीलाई दण्ड सजाय वा जरीवाना गरिने छैन।

(२) उपदफा (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोर जुलुम गरेमा, हात हतियार उठाई वा नउठाई हमला गरेमा वा त्यस्तो अन्य क्रियाकलाप गरेमा आफूले सुरक्षा दिनुपर्ने, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न जुनसुकै दर्जाको प्रहरीले आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा(१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हात हतियारको प्रयोग बदनियत वा हेलचेक्र्याईका साथ प्रयोग गरेको हो वा होईन वा त्यस्तो वल प्रयोग गर्नु आवश्यक थियो वा थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोत साधन वा हात हतियारको प्रयोग गरी बदनियतपूर्वक कुनै काम गरेको वा हेलचेक्र्याई गरेको वा आवश्यकता भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई बिभागीय कारबाही वा प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ।

(५) संगठित अपराध एवं जघन्य प्रकृतिको अपराध नियन्त्रण गर्ने शिलशिलामा प्रहरीले आवश्यकता अनुसार गोप्य रुपले छद्म भेषमा नियन्त्रण सम्बन्धी कार्य गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अपराध नियन्त्रणमा संलग्न प्रहरी कर्मचारीले अभियुक्तलाई पक्राउ गर्न वा अपराधसँग सम्बन्धित दशी प्रमाण र तथ्यको खोजी गर्ने क्रममा जो कोहीसँग गरिएको कुराकानी तथा अन्य

नियन्त्रणसँग सम्बन्धित कार्यको सम्बन्धमा खटिएको प्रहरी कर्मचारीलाई सजायको भागिदार बनाइने छैन।

(७) अपराध अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीलाई निजले असल नियतले गरेको कुनै कार्यको सम्बन्धमा कुनै प्रकारको सजायको भागिदार बनाईने छैन।

८७. **सेवा परिवर्तनमा वन्देजः** प्रहरी सेवाको कुनै पनि तहका प्रहरीलाई निजको इच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

८८. **किताबखाना सम्बन्धी व्यवस्थाः** प्रदेश प्रहरीको अभिलेख राख्ने लगायतको कार्य गर्न प्रदेश सरकारले तोके बमोजिम किताबखानाको व्यवस्था गरिनेछ र त्यस्तो व्यवस्था नभएसम्म राष्ट्रिय किताबखानामा राखिएको अभिलेख वमोजिम हुनेछ।

८९. **सूत्र परिचालन गर्न सक्नेः** शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सन्बन्धी सूचना सङ्कलनका लागि प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

९०. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अन्य अधिकारी वा प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन वा नियम बमोजिम कुनै प्रहरी कर्मचारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मातहतको प्रहरी कर्मचारीलाई सुम्पन सक्नेछ।

९१. **सेवा, शर्त र सुविधा सम्वन्धी विशेष व्यवस्थाः** प्रहरी कर्मचारी समायोजन ऐन, २०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ र अन्य सम्बन्धीत कानून वमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको सेवा, शर्त, सुविधार अन्य व्यवस्था यसै ऐन वमोजिम हुनेछ तर यो ऐनको व्यवस्था संघीय कानूनको व्यवस्था भन्दा फरक पर्न गएमा संघीय कानून वमोजिम हुनेछ।

९२. **आदेश जारी गर्न सक्नेः** यो ऐन, नियम तथा प्रचलित कानूनको अधिनमा रही प्रदेश प्रहरी प्रमुखले आदेश जारी गर्न सक्नेछ।

९३. **अनुसूची हेरफेर वा परिवर्तन गर्न सक्ने:** प्रदेश सरकारले आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ तर त्यसरी हेरफेर गरिएको अनुसूची प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

९४. **नियम बनाउने अधिकार**: (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐन बमोजिम बन्ने नियमको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधी र मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

## अनुसूची-१

**दफा ३३ को उपदफा (१) सँग सम्बन्धित**

### "क" वर्गको भौगोलिक क्षेत्र अन्तरगत रहने क्षेत्र

सोलुखुम्बु जिल्ला अन्तर्गतः- खुम्वुपासाङ ल्हामु गाउँपालिका, महाकुलुङ् गाउँपालिका, लिखुपिके गाउँपालिका।

संखुवासभा जिल्ला अन्तर्गतः- भोटखोला गाउँपालिका, मकालु गाउँपालिका, सिलिचोङ गाउँपालिका।

ताप्लेजुङ जिल्ला अन्तर्गतः- फक्ताङलुङ गाउँपालिका, मिक्वाखोला गाउँपालिका, मेरिङ्देन गाउँपालिका, मैवाखोला गाउँपालिका, आठराई त्रिवेणी गाउँपालिका, सिरीजङ्गा गाउँपालिका, सिदिङ्वा गाउँपालिका, पाथिभरा याङ्वरक गाउँपालिका।

### "ख" वर्गको भौगोलिक क्षेत्र अन्तरगत रहने क्षेत्र

सोलुखुम्बु जिल्ला अन्तर्गतः- माप्यदुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँपालिका, नेचासल्यान गाउँपालिका, सोताङ गाउँपालिका,सोलुदुधकुण्ड नगरपालिका।

ओखलढुङ्गा जिल्ला अन्तर्गतः- खिजिदेम्वा गाउँपालिका, चम्पादेवी गाउँपालिका, चिशंखुगढी गाउँपालिका, लिखु गाउँपालिका, मोलुङ गाउँपालिका, सुनकोशी गाउँपालिका।

खोटाङ जिल्ला अन्तर्गतः- ऐसेलुखर्क गाउँपालिका, रावावेसी गाउँपालिका, दिप्रुङ चुईचुम्मा गाउँपालिका, साकेला गाउँपालिका, जन्तेढुङ्गा गाउँपालिका, खोटेहाङ गाउँपालिका, बराहपोखरी गाउँपालिका, केपिलासगढी गाउँपालिका।

उदयपुर जिल्ला अन्तर्गतः- लिम्चुङ्वुङ गाउँपालिका, ताप्ली गाउँपालिका।

भोजपुर जिल्ला अन्तर्गतः- साल्पासिलिछो गाउँपालिका, राम प्रसाद राई गाउँपालिका, आमचोक गाउँपालिका, हतुवागढी

| | |
|---|---|
| | गाउँपालिका, टेम्के मैयुङ गाउँपालिका, अरुण गाउँपालिका, पौवादुङ्मा गाउँपालिका। |
| संखुवासभा जिल्ला अन्तर्गतः- | धर्मदेवी नगरपालिका, चिचिला गाउँपालिका, सभापोखरी गाउँपालिका, मादी नगरपालिका, पाँचखपन नगरपालिका |
| तेह्रथुम जिल्ला अन्तर्गतः- | आठराई गाउँपालिका, छथर गाउँपालिका, फेदाप गाउँपालिका, मेन्छयायेम गाउँपालिका। |
| ताप्लेजुङ जिल्ला अन्तर्गतः- | फुङ्लिङ नगरपालिका। |
| पाँचथर जिल्ला अन्तर्गतः- | तुम्वेवा गाउँपालिका, फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, हिलिहाङ गाउँपालिका, कुम्मायक गाउँपालिका, याङवरक गाउँपालिका। |

**"ग" वर्गको भौगोलिक क्षेत्र अन्तरगत रहने क्षेत्र**

| | |
|---|---|
| ओखलढुङ्गा जिल्ला अन्तर्गतः- | सिद्धिचरण नगरपालिका, मानेभन्ज्याङ गाउँपालिका। |
| खोटाङ जिल्ला अन्तर्गतः- | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, हलेसि तुवाचुङ नगरपालिका। |
| उदयपुर जिल्ला अन्तर्गतः- | उदयपुरगढी गाउँपालिका, रौतामाई गाउँपालिका। |
| भोजपुर जिल्ला अन्तर्गतः- | भोजपुर नगरपालिका, षडानन्द नगरपालिका। |
| संखुवासभा जिल्ला अन्तर्गतः- | खादवारी नगरपालिका, चैनपुर नगरपालिका। |
| तेह्रथुम जिल्ला अन्तर्गतः- | म्याङलुङ नगरपालिका, लालिगुराँस नगरपालिका। |
| धनकुटा जिल्ला अन्तर्गतः- | शहिदभुमी गाउँपालिका, चौविसे गाउँपालिका, छथर जोरपाटी गाउँपालिका, साँघुरीगढी गाउँपालिका। |
| पाँचथर जिल्ला अन्तर्गतः- | फिदिम नगरपालिका। |
| इलाम जिल्ला अन्तर्गतः- | देउमाई नगरपालिका, माई नगरपालिका, माईजोगमाई गाउँपालिका, रोङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका, माङ्सेवुङ गाउँपालिका, सन्दकपुर गाउँपालिका। |

**"घ" वर्गको भौगोलिक क्षेत्र अन्तरगत रहने क्षेत्र**

| | |
|---|---|
| उदयपुर जिल्ला अन्तर्गतः- | त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका, बेलका नगरपालिका। |
| धनकुटा जिल्ला अन्तर्गतः- | धनकुटा नगरपालिका, पाख्रिवास नगरपालिका, महालक्ष्मी नगरपालिका। |
| इलाम जिल्ला अन्तर्गतः- | ईलाम नगरपालिका, सूर्योदय नगरपालिका, चुलाचुली गाउँपालिका। |

**"ङ" वर्गको भौगोलिक क्षेत्र अन्तरगत रहने क्षेत्र**

| | |
|---|---|
| सुनसरी जिल्ला अन्तर्गतः- | ईटहरी उप महानगरपालिका, धरान उप महानगरपालिका, ईनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, बराहक्षेत्र नगरपालिका, गढी गाउँपालिका, देवानगंज गाउँपालिका, कोशी गाउँपालिका, बर्जु गाउँपालिका, भोक्राहानरसिंह गाउँपालिका, हरिनगर गाउँपालिका। |
| मोरङ जिल्ला अन्तर्गतः- | विराटनगर महानगरपालिका, बेलवारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, रंगेली नगरपालिका, उर्लावारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, बुढिगंगा गाउँपालिका, धनपालथान गाउँपालिका, जहदा गाउँपालिका, कटहरी गाउँपालिका, कानेपोखरी गाउँपालिका, लेटाङ नगरपालिका, रतुवामाई नगरपालिका, ग्रामथान गाउँपालिका, केरावारी गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, सुनवर्षी नगरपालिका। |
| झापा जिल्ला अन्तर्गतः- | मेचिनगर नगरपालिका, दमक नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, |

अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका, शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका, गौरादह नगरपालिका, झापा गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, गौरीगंज गाउँपालिका, बाह्रदशी गाउँपालिका, हल्दिवारी गाउँपालिका, कचनकवल गाउँपालिका ।

**प्रमाणीकरण मितिः- २०७७/०४/१८**

**आज्ञाले,**
**कमल बहादुर थापा**
**निमित्त प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**